annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ५६, पृष्ठ १० | काठमाडौं, बिहीबार ११ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष एकादशी नेपाल संवत् ११४६ | THURSDAY, JUNE 25, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## सिक्टामा संकट: अझै छैन बन्ने छाँटकाँट



राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना बनाउन थालेको २० वर्ष नाघ्यो। राज्यको ढुकुटीबाट २२ अर्बभन्दा बढी खर्च पनि भइसकेको छ। तर, हालसम्म ४४ प्रतिशत मात्रै काम भएको छ। अझ उदेकलाग्दो त, आयोजनाको मेरुदण्ड मानिएको मूल नहर नै कमजोर बन्दा नहरमा पानी छोड्न सकिएको छैन। सरकारले आगामी ५ वर्षमा यो आयोजना सम्पन्न गर्ने त भनेको छ, तर अहिलेकै गति र मतिले यो आयोजनाको भविष्य अनिश्चित बन्दै गएको छ।

**जे. पाण्डे** | *नेपालगन्ज*

विस्तृत पृष्ठ २

### रास्वपा महाधिवेशन

## प्रदेश खारेजी प्रस्तावले मधेसमा असन्तुष्टि

**मनिका झा** | *जनकपुरधाम*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रदेशसभाहरू खारेज गरी नेपालको संघीय संरचनामा व्यापक पुनर्संरचना गर्ने प्रस्ताव सार्वजनिक गरेपछि मधेसमा असन्तुष्टि सुनिएको छ।

चितवनमा जारी रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशनको बन्दसत्रमा अर्थमन्त्रीसमेत रहेका उपसभापति डा. स्वर्णिम वाग्लेले अर्थ-राजनीतिक प्रतिवेदनमा 'खर्चिलो प्रशासनिक संरचनालाई घटाउन प्रदेशसभाको खारेजी र ७ सय ५३ स्थानीय तहको संख्यामा एकतिहाइ कटौती गर्ने' प्रस्ताव पेस गरेपछि त्यसले मधेसमा विरोधको माहौल सिर्जना गरेको छ।

प्रस्तावअनुसार हालका सातवटै प्रदेशसभाहरू विघटन गरी स्थानीय तहका निर्वाचित प्रमुखहरूबाट मुख्यत: गठन हुने प्रदेशपरिषद् स्थापना गरिनेछ। साथै स्थानीय तहहरूको संख्या करिब एकतिहाइले घटाउने तथा स्थानीय निर्वाचन गैरदलीय आधारमा गराउने व्यवस्था पनि गरिएको छ।

रास्वपाले यसलाई 'सुधारित संघीयता'को अवधारणासँग जोड्दै हालको संघीय संरचना खर्चिलो, अप्रभावकारी र प्रशासनिक रूपमा दोहोरो भएको दाबी गरेको छ।



५ माघ २०८२ मा जनकपुरमा प्रधानमन्त्री वालेन्द्र शाहले भनेका थिए- प्रदेशलाई यति बलियो बनाउनुपर्छ कि काठमाडौं जानै नपरोस्। काठमाडौं त केवल पशुपतिनाथ र स्वयम्भूको दर्शन गर्न र घुम्न जाने ठाउँ बनोस्, अधिकार माग्न जाने ठाउँ होइन।

पार्टीको राजनीतिक दस्तावेजमा उल्लेख गरिएअनुसार आवश्यक राजनीतिक तथा संसदीय शक्ति प्राप्त भएपछि मात्र यी सुधारहरू अघि बढाइनेछ।

» बाँकी पृष्ठ ६

## नीति ओझेलमा, नेतृत्वमा हानथाप

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
**अनिल ढकाल** | *चितवन*

अन्तत: राष्ट्रिय स्वतन्त्र पार्टीको पहिलो महाधिवेशन पनि पुराना पार्टीको जस्तै नेतृत्वमा केन्द्रित भएको छ। तीन दिनमा सक्ने गरी थालिएको महाधिवेशन चौथो दिनमा जारी छ। नेतृत्वकै झमेलाले महाधिवेशन लम्बिएको छ।

महाधिवेशनमा विचार, सिद्धान्त, मार्गदर्शनमा खासै ध्यान दिएको देखिँदैन। पार्टीको राजनीतिक, संगठनात्मक प्रतिवेदनहरू कुनै छलफल नै नगरी पारित गरेको भन्दै आलोचना भएको छ। सभापति रवि लामिछानेले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन, उपसभापति स्वर्णिम वाग्लेको अर्थ-राजनीतिक प्रतिवेदन वा महामन्त्री कवीन्द्र बुर्लाकोटीले प्रस्तुत गरेको संगठनात्मक प्रतिवेदनमा छलफल नै भएन। त्यस्तै अनुशासन आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमाल र कोषाध्यक्ष लिमा अधिकारीको वित्तीय प्रतिवेदनमा छलफल भएन।

विधान संशोधन समितिका संयोजकसमेत रहेका सहमहामन्त्री विपिन आचार्यले संशोधित विधानको प्रस्तावमा बहस गराएनन्। ताली बजाएर सोझै पास गरिएको छ। तर, पास गरेपछि कतिपय विषयमा विवाद पनि सिर्जना भएको छ। उपसभापति वाग्लेको अर्थ-राजनीतिक प्रतिवेदनमा उल्लेख भएको प्रदेश खारेजको विषयमा प्रतिनिधिहरूले विरोध जनाएका छन्। बन्दसत्र नै चार घण्टामा सकियो। सुरुवातमा प्रतिनिधि व्यवस्थापनमा समस्या भएको भन्दै बन्दसत्र करिब ३० घण्टा ढिलो सुरुवात गरियो।

निर्वाचन कार्यक्रममा पनि त्यत्तिकै विलम्ब गरिएको छ। सुरुको कार्यतालिकामा त मंगलबार नै सबै प्रक्रिया सक्ने उल्लेख थियो। त्यो पनि सम्भव भएन। पछिल्लो समय बुधबार बिहानबाटै निर्वाचन गर्ने भनिएको थियो। ८० वटा भोटिङ मेसिनबाट मतदान गराउने भनिए पनि त्यसको व्यवस्थापन चुस्त देखिएको छैन।

पहिलो महाधिवेशन भएका कारण भद्रगोल देखिएको छ। महाधिवेशन व्यवस्थापन पक्षमा एकदमै कमजोर देखिएको छ। महाधिवेशन व्यवस्थापन समिति र पार्टीको निर्वाचन आयोगप्रति प्रतिनिधिहरू आक्रोशित बनेका छन्। कतिपय प्रतिनिधि मतदान नै नगरी फर्किएका पनि छन्। कार्यतालिका सरेको सर्‍यै छ। असार ७ गते उद्घाटन गरेर ९ गते सक्ने भनिए पनि अहिलेसम्म पनि सकिएको छैन।

डिजिटल पार्टी भनेर भनिए पनि पुरानाभन्दा कुनै फरक नदेखिएको स्वयम् प्रतिनिधिहरूले टिप्पणी गरिरहेका छन्। अरूले महाधिवेशन गर्दा फोहोर बनाएको भनेर जरिवाना गर्ने प्रधानमन्त्री वालेन्द्र शाहलाई आफ्नै महाधिवेशनमा गरिएको फोहोरले औंला फर्काएको छ। महाधिवेशन स्थलमा जताततै पर्चा पम्प्लेट फालिएको थियो। आलोचनापछि मात्रै केही नेताले सरसफाइ गरेका थिए।

» बाँकी पृष्ठ ६



## अत्यधिक गर्मीले फ्रान्समा ४० बढीको मृत्यु

**पेरिस** (एजेन्सी): युरोप यतिबेला इतिहासकै भीषण गर्मी र लुको चपेटामा परेको छ। फ्रान्स, इटाली, बेलायत र स्पेनलगायतका देशहरू अत्यधिक तापक्रमका कारण नराम्ररी प्रभावित भएका छन्।

फ्रान्समा मात्रै पछिल्लो बिहीबारयता गर्मीसँग सम्बन्धित विभिन्न घटना र राहत पाउनका लागि नदी तथा तालहरूमा पौडी खेल्ने क्रममा डुबेर ४० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ। फ्रान्सका श्रममन्त्री जान पियर फराडोले देशको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै अब फ्रान्स पनि 'तातो देश' बनेको बताएका छन्। फ्रान्सको मौसम विभागले देशका ५८ क्षेत्रमा रेड हिट अलर्ट जारी गरेको छ भने ३१ क्षेत्रमा 'अरेन्ज अलर्ट' घोषणा गरेको छ।

त्यहाँको लान्देस क्षेत्रमा तापक्रम ४४.३ डिग्री सेल्सियससम्म पुगेको छ भने अत्यधिक गर्मीकै कारण ६८ हजार घरमा बिजुली आपूर्ति बन्द हुनुका साथै जंगलहरूमा डढेलो लागिरहेको छ। छिमेकी देश इटालीमा पनि राजधानी रोमसहित १६ प्रान्तका मुख्य सहरहरूमा 'रेड अलर्ट' जारी गरिएको छ।

